निजामती सेवा दिवस, मूल समारोह समितिको सचिवालय

सामान्य प्रशासन मन्त्रालयको

निवन्ध लेखन प्रतियोगिता सम्बन्धी

**सूचना**

तेह्रौं निजामती सेवा दिवस, २०७३ विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने सिलसिलामा देहाय बमोजिम निवन्ध प्रतियोगिताको आयोजना गरिएकोले ईच्छुक निजामती कर्मचारीहरुलाई प्रतियोगितामा भाग लिने सम्बन्धमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. निवन्धको शीर्षकः "सेवामैत्री प्रशासनः संघीयतामा सुशासन"

२. निवन्ध पेश गर्नुपर्ने अन्तिम मितिः २०७३ भाद्र १९ गते अपरान्ह ५.०० बजे सम्म

३. निवन्धको आकार/प्रकारः देवनागरी लिपीमा अधिकतम एक हजार दुई सय शब्दमा नबढ्नेगरी PreetiवाKantipurको १६ fontsize मा हुनुपर्नेछ ।

४. निवन्ध सम्प्रेषण गर्ने तरिकाः तोकिएको म्यादभित्र essay.competition@moga.gov.np इमेल ठेगानामा पठाउनुपर्नेछ । तोकिएको मिति र समयभन्दा पछाडी प्राप्त हुने निवन्धलाई प्रतियोगितामा समावेश गरिनेछैन ।

५. प्रतियोगीले पेश गर्नुपर्ने विवरणः निवन्ध प्रस्तुत गर्दा छुट्टै पृष्ठमा निम्न बमोजिमको वैयक्तिक विवरण उल्लेख गर्नुपर्नेछ ।

   क) नाम थर र कर्मचारी संकेत नम्बर

   ख) पद

   ग) सेवा, समूह तथा श्रेणी

   घ) कार्यरत कार्यालय र ठेगाना

   ङ) सम्पर्क टेलिफोन नम्बर

६. पुरस्कारः प्राप्त निवन्धहरुमध्ये उत्कृष्ट तीन निवन्धलाई पुरस्कृत गरिनेछ । पुरस्कार वापत प्रमाणपत्र सहित प्रथम हुनेलाई रु.१०,०००।-, द्वितीय हुनेलाई रु.७,०००।- तथा तृतीय हुनेलाई रु.५,०००।- नगद पुरस्कार उपलब्ध गराइनेछ । साथै थप एकजनालाई सान्त्वना पुरस्कारको समेत व्यवस्था गरिएको छ ।

७. निवन्धको मूल्याङ्कनः प्राप्त भएका निवन्धहरु मूल्याङ्कन उपसमितिबाट गोप्य रुपमा मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन प्रक्रिया उक्त उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ । मूल्याङ्कन उपसमितिले गरेको निर्णय अन्तिम हुनेछ ।